फेदापगाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
अध्यक्षः९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००
१ नं. प्रदेश नेपाल

प.सं. २०७५/०७६

च.नं. १०६४

मिति: २०७६।०१।२४

**विषयःकार्यान्वयन गर्नुहुन ।**

**सवै विद्यालयहरु,**
**फेदाप गा.पा., तेह्रथुम ।**

प्रस्तुत विषयमा यस गाउँपालिकामा सञ्चालित सवै विद्यालयहरुले शिक्षामा एकरुपता, प्रभावकारीता, र गुणस्तर कायम गर्न तपशील अनुसारका कार्यहरु अविलम्व कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

१.यस चालु शै.स.२०७६ मा नयाँ भर्ना भएका विद्यार्थीको विवरण यही वैसाख मसान्त सम्ममा गा.पा.मा पेश गर्ने ।

२.चालु शै.स.२०७६ मा वितरित नि:शुल्क पाठ्यपुस्तक वितरणको अवस्था र भर्पाई यही वैसाख मसान्त सम्ममा पेश गर्ने ।

३. सवै विद्यालयहरुले विद्यालय सुधार योजना वनाई आउदो जेठ मसान्त सम्ममा गा.पा.मा पेश गर्ने ।

४. तेस्रो चौमासिक तलव भत्ता माग फारम आगामी जेठ ५ गते भित्र गा.पा.मा पेश गर्ने ।

५. शै. स. २०७५ मा विद्यार्थीले प्राप्त गरेको अंकको मार्कलेजर वा ग्रेडलेजरको प्रतिलिपि वैसाख मसान्त सम्ममा गा.पा.मा पेश गर्ने ।

६. विद्यालयले वार्षिक कार्यतालिका बनाई विद्यालयमा राखी, प्रतिलिपी जेठ ५ भित्र गते गा.पा.मा पेश गर्ने ।

७. प्रत्येक विद्यालयले विद्यालयको **IEMIS Exell** फायल तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटमा अपलोड गरी Electronic copy जेठ मसान्त भित्र गा.पा.मा पेश गर्ने ।

८. माध्यमिक तह सञ्चालित विद्यालयहरुले प्रतिभा पहिचान (Tallent hunt) को लागि सो तहका विद्यार्थीलाई यहि आउँदो जेठ ५ गते श्री जनज्योति मा.वि.फेदाप १ मा हुने तपशीलका विधामा प्रतिविधा १ जना विद्यार्थी अनिवार्य सहभागी गराउने । विधाहरु:(क) **कविता रचना (ख) चित्रकला (ग) ट्र्याक गायन (घ) विज्ञान**

९. स्थायी शिक्षकहरुले कार्यसम्पादन मूल्यांकन फारम भरी म्याद भित्र गा.पा.मा पेश गर्ने ।

१०. प्रत्येक शिक्षकले वार्षिक शैक्षणिक योजना वनाई शिक्षण गर्ने, गा.पा.ले अनुगमन गर्नेछ ।

११. आउदो जेठ १३ गते छात्रावृति वितरण गरी ७ दिन भित्र भर्पाई गा.पा.मा पेश गर्ने ।
१२. संस्थागत विद्यालयहरुले नियम अनुसार कक्षा थप अनुमति गा.पा.बाट लिने ।
१३. विद्यालयमा कार्यरत सवै शिक्षक, कर्मचारीको व्यक्तिगत विवरण प्रमाणपत्रहरु सहितको व्यक्तिगत फायल जेठ मसान्त भित्र गा.पा.मा अनिवार्य पेश गर्ने ।

*श्री सुचना तथा प्रविधि शाखा वेवसाईटमा राखिदिनु हुन।*

.......................
सुमन लिङ्देन(लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत
फेदाप तेह्रथुम